# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, चैत १७ गते २०४९ साल (अतिरिक्ताङ्क ६८(क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले बिमा ऐन, २०४९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन, मिति २०४९।१२।१७ देखि लागू हुने गरी तोकेको छ ।

### सूचना २

श्री ५ को सरकारले बिमा ऐन, २०४९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को प्रयोजनको लागि बिमा समितिमा देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू तोकेको छ ।

| | |
|---|---|
| (क) श्री लवप्रसाद शर्मा | –अध्यक्ष |
| (ख) प्रतिनिधि, अर्थ मन्त्रालय | –सदस्य |
| (ग) प्रतिनिधि, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | –सदस्य |
| (घ) प्रतिनिधि, शाही नेपाल वायुसेवा निगम | –सदस्य |
| (ङ) श्री सतिशचन्द्र लाल | –सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

## बिमा नियमावली, २०४९

बिमा ऐन, २०४९ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "बिमा नियमावली, २०४९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले बीमा ऐन, २०४९ संझनुपर्छ ।

(ख) "प्रमाणपत्र" भन्नाले नियम ८ बमोजिम बिमकको रूपमा नाम दर्ता गरी बिमा व्यवसाय गर्न दिएको बिमक दर्ताको प्रमाणपत्र संझनुपर्छ ।

(ग) "शुल्क" भन्नाले बिमकले बिमा व्यवसाय गरे वापत बिमितसँग लिने बिमा शुल्क संझनुपर्छ ।

(घ) "सल्लाहकार समिति" भन्नाले ऐनको दफा ४१ बमोजिम गठित बिमा दर सल्लाहकार समिति संझनुपर्छ ।

### परिच्छेद–२
### बिमा व्यवसायको किसिम

३. बिमा व्यवसायको किसिमः (१) ऐन र यस नियमावलीका अधीनमा रही बिमकले गर्ने बिमा व्यवसायलाई देहायका किसिममा विभाजन गरिनेछः–

(क) जीवन बिमा व्यवसाय ।

(ख) निर्जीवन बिमा व्यवसाय ।

(ग) पुर्नबिमा व्यवसाय ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले समितिको परामर्श लिई आवश्यकतानुसार बिमा व्यवसायको अन्य किसिमहरू समेत तोक्न सक्नेछ ।

9952



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मांत्र लागु हुनेछ।

४. जीवन बिमा व्यवसायः (१) जीवन बिमा व्यवसाय अन्तर्गत बिमकले देहायका बिमा व्यवसाय गर्न सक्नेछन्:–

(क) आजीवन जीवन बिमा ।

(ख) सावधिक जीवन बिमा ।

(ग) म्यादी जीवन बिमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले आवश्यकतानुसार जीवन बिमा व्यवसायको अन्य किसिमहरू समेत तोक्न सक्नेछ ।

(३) यस नियमबमोजिम गरिने जीवन बिमाको लेखका शर्त एवं सुविधाहरू समितिले तोकिदिएबमोजिम हुनेछ ।

५. निर्जीवन बिमा व्यवसायः (१) निर्जीवन बिमा व्यवसाय अन्तर्गत बिमकले देहायका बिमा व्यवसाय गर्न सक्नेछन्:–

(क) अग्नी बिमा ।

(ख) मोटर बिमा ।

(ग) सामुद्रिक बिमा ।

(घ) इन्जिनियरिङ तथा ठेकेदार जोखिम बिमा ।

(ङ) हवाई बिमा ।

(२) उपनियम(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले आवश्यकतानुसार निर्जीवन बिमा व्यवसायको अन्य किसिमहरू समेत तोक्न सक्नेछ ।

(३) यस नियमबमोजिम गरिने निर्जीवन बिमाको लेखका शर्त एवं सुविधाहरू समितिले तोकिदिएबमोजिम हुनेछ ।

६. पुनर्बिमा व्यवसाय (१) बिमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको जोखिमको पुनर्बिमा गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने पुनर्बिमा व्यवसायको किसिम तथा अन्य व्यवस्थाहरू समितिले तोकिदिएबमोजिम हुनेछ ।

## परिच्छेद–३

## बिमक सम्बन्धी व्यवस्था

७. बिमकको दर्ताको लागि निवेदन दिनुपर्नेः (१) बिमा व्यवसाय गर्न चाहने स्वदेशी वा विदेशी संगठित संस्थाले बिमकको रूपमा आफ्नो नाम दर्ता गर्नको लागि पचास हजार रूपैयाँ बिमक दर्ता दस्तूर समेत संलग्न राखि अनुसूची–१ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

9953



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने संगठित संस्थाले सो निवेदनसाथ ऐनको दफा १० को उपदफा (२) मा उल्लिखित कागजातहरूका अतिरिक्त देहायका विवरणहरूलाई पुष्ट्याँइ गर्ने अन्य आवश्यक कागजातहरू समेत संलग्न गर्नुपर्ने छ ।

(क) बिमा व्यवसाय गर्दा संगठित संस्थाले धारण गर्ने कुल दायित्व सो संगठित संस्थाको कुल सम्पत्ति भन्दा बढी नभएको ।

(ख) विदेशी संगठित संस्था भए त्यस्तो संगठित संस्थाले नेपाल अधिराज्य भित्र गर्ने बिमा व्यवसायको कुल दायित्व निर्वाह गर्नको लागि सो संगठित संस्थाको नाममा नेपाल अधिराज्यभित्र पर्याप्त सम्पत्ति रहेको ।

(ग) संगठित संस्थाको तर्फबाट बिमा व्यवसाय संचालन गर्ने सम्बन्धमा प्रमुखको हैसियतबाट दायित्व निर्वाह गर्ने व्यवस्थापकको नाम, ठेगाना र योग्यता खुलेको प्रमाणपत्र ।

(घ) विदेशी बिमकको रूपमा दर्ता भएको संगठित संस्था भए सम्बन्धित मुलुकको अधिकार प्राप्त अधिकारीबाट सो मुलुकको प्रचलित कानून बमोजिम बिमा व्यवसाय गर्न प्राप्त गरेको प्रमाणपत्र ।

(ङ) बिमा व्यवसाय गर्दा आवश्यक पर्ने विदेशी मुद्राको श्रोत खुलाइएको लिखत ।

८. बिमकको नाम दर्ता गरी प्रमाणपत्र दिनुपर्नेः (१) नियम ७ बमोजिम बिमकको रूपमा आफ्नो नाम दर्ता गर्नको लागि कुनै स्वदेशी वा विदेशी संगठित संस्थाको निवेदन प्राप्त भएपछि समितिले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदक संगठित संस्थासँग कुनै कुरा बुझ्नपर्ने भए सो कुरा समेत बुझी त्यस्तो निवेदक संगठित संस्थाको नाम बिमकको रूपमा अनसूची– २ बमोजिमको दर्ता किताबमा दर्ता गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम निवेदक संगठित संस्थाको नाम दर्ता किताबमा दर्ता गरी सकेपछि समितिले त्यस्तो निवेदक संगठित संस्थाले गर्न पाउने बिमा व्यवसायको किसिम समेत उल्लेख गरी अनुसूची–३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्ने छ ।

९. प्रमाणपत्र नवीकरण सम्बन्धी व्यवस्थाः (१) बिमकले आफ्नो प्रमाणपत्र नवीकरण गराउनको लागि ऐनको दफा ११ बमोजिमको म्यादभित्र नवीकरण दस्तूर वापत पचास हजार रूपैयाँ समेत संलग्न राखी अनुसूची –४ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम नवीकरणको लागि निवेदन दिने बिमकको प्रधान कार्यालय नेपाल अधिराज्यबाहिर भए त्यस्तो विदेशी बिमकले आफ्नो मुलुकको अधिकार प्राप्त अधिकारीबाट सो मुलुकको प्रचलित कानून बमोजिम बिमा व्यवसाय गर्न प्राप्त गरेको प्रमाणपत्र नवीकरण गरेको निस्सा समेत यस नियम बमोजिम नवीकरणको लागि दिने निवेदनसाथ संलग्न गरेको हुनुपर्ने छ ।

(३) यस नियमबमोजिम प्रमाणपत्र नवीकरणको लागि ऐनको दफा ११ को उपदफा (१) मा तोकिएको म्याद नघाइ बिमकको निवेदन प्राप्त भएमा समितिले ऐनको दफा ११ को उपदफा (३) का अधीनमा रही प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ ।

१०. प्रमाणपत्रको मान्यता स्वतः रद्द हुने: ऐनको दफा ११ को उपदफा (३) बमोजिमको अवधिभित्र पनि प्रमाणपत्र नवीकरण हुन नसकेमा त्यस्तो प्रमाणपत्रको मान्यता स्वतः रद्द हुनेछ ।

११. पुन दर्ता हुन सक्ने: (१) नियम १० बमोजिम प्रमाणपत्रको मान्यता रद्द भएको संगठित संस्थाले पुनः बीमा व्यवसाय गर्न चाहेमा नियम ७ बमोजिम बिमकको रूपमा आफ्नो नाम दर्ता गराउनको लागि पुनः निवेदन दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम कुनै संगठित संस्थाको निवेदन परेमा समितिले संगठित संस्थाले बिमकको रूपमा बिमा व्यवसाय संचालन गर्दा ऐन, यस नियमावली र समितिले समय-समयमा दिएको निर्देशनका अधीनमा रही पेशागत आचरणको पालन गरे नगरेको समेत जाँचबुझ गरी उपयुक्त देखेमा नियम ७ मा उल्लिखित दस्तूरका अतिरिक्त पच्चीस हजार रूपैयाँ थप दस्तूर समेत लिई त्यस्तो संगठित संस्थाको नाम दर्ता किताबमा पुनः दर्ता गरी सो संगठित संस्थालाई नयाँ प्रमाणपत्र दिनुपर्ने छ ।

१२. बीमकले अन्य क्षेत्रमा लगानी गर्दा स्वीकृति लिनुपर्ने: बिमकले समितिले तोकिदिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा लगानी गर्दा समितिको पूर्व स्वीकृति लिनु पर्ने छ ।

१३. ऋण दिन वा लगानी गर्नमा प्रतिबन्ध: यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिमकको संचालक समितिको कुनै पनि सदस्य संचालक भएको वा त्यस्तो सदस्यको वित्तीय स्वार्थनिहित भएको कुनै पनि संगठित संस्थालाई बिमकले कुनै पनि किसिमको ऋण दिन वा लगानी गर्न पाउने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. विवरण पेश गर्नुपर्नेः (१) एक भन्दा बढी बिमा व्यवसाय गर्ने बिमकले ऐनको दफा २० को उपदफा (२) बमोजिम प्रत्येक बिमा व्यवसायको हिसाब किताब स्पष्ट रूपमा छुट्टाछुट्टै राखी अनसूची –५ बमोजिमको ढाँचामा सो को विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

स्पष्टीकरणः "अनुसूची– ५" भन्नाले अनुसूची –५ को खण्ड "क", "ख", "ग", "घ", "ङ", "च", "छ", "ज", "झ", "ञ", "ट", "ठ", "ड", र "ढ" लाई समेत जनाउँछ ।

(२) बिमकले आफ्नो सम्पत्ति र दायित्वको सम्पूर्ण विवरण अनुसूची–६ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

१५. जगेडा कोषमा जम्मा गर्नुपर्ने रकमः बिमकले नेपाल अधिराज्यभित्रको आफ्नो बिमा व्यवसाय सम्बन्धी दायित्वको निमित्त ऐनको दफा २२ बमोजिम खडा गरेको जगेडा कोषमा देहायबमोजिम रकम जम्मा गर्नुपर्ने छः–

(क) जीवन बिमा व्यवसाय गर्ने बिमकले नेपाल अधिराज्यमा प्रकाशित गरेको बिमा लेखको आधारमा बिमांकीले तोकिदिएको सम्पूर्ण दायित्वमा कम नहुने रकम ।

(ख) निर्जीवन बिमा व्यवसायको आम्दानी खर्चमा देखाइएको खुद बिमा शुल्कको घटीमा पचास प्रतिशत रकम ।

(ग) निर्जीवन बिमा व्यवसाय गर्दा बिमकको चुक्ता पूँजीको बराबर नभएसम्म मुनाफा हुन आएको रकमको पचास प्रतिशत ।

तर सामुद्रिक बिमाको सम्बन्धमा कम्तीमा तीन वर्षसम्म जगेडा कोषमा राखिएको रकमलाई मुनाफामा गणना गरिने छैन ।

(घ) बिमकले प्रत्येक आर्थिक वर्ष समाप्त हुनुअघि दाबी भुक्तानी बापत बाँकी रकमको एक सय पन्ध्र प्रतिशत रकम ।

१६. बिमकको व्यवस्थापन खर्चः बिमकले बिमा व्यवसाय गर्दा शुल्क बापत आम्दानी गरेको कुल रकममध्ये सामुद्रिक बिमाको सम्बन्धमा पच्चीस प्रतिशतसम्म र अन्य बिमाका सम्बन्धमा तीस प्रतिशतसम्म व्यवस्थापन कार्यतर्फ खर्च गर्न सक्नेछ ।

११५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर बिमा कार्यालय स्थापना र यान्त्रीकरण गर्दा भएको खर्चलाई व्यवस्थापन खर्चमा समावेश गरिने छैन ।

१७. बिमा व्यवसायको विस्तार गर्न स्वीकृति लिनुपर्नेः (१) बिमकले प्रमाणपत्र प्राप्त गर्दा बिमा व्यवसाय गर्न पाउने स्वीकृति प्राप्त बीमा व्यवसायका किसिमका अतिरिक्त अन्य बिमा व्यवसाय गर्न चाहेमा समितिको स्वीकृति लिनुपर्ने छ ।

(२) कुनै बिमकले थप शाखा कार्यालयहरू खोली आफूले गर्ने बिमा व्यवसायको विस्तार गर्न चाहेमा समितिको स्वीकृति लिनुपर्ने छ ।

१८. शुल्कको दरः (१) बिमकले बीमा व्यवसाय गर्दा बिमितसँग लिन पाउने शुल्कको दर निर्धारण गर्न सल्लाहकार समितिले समितिलाई आवश्यक सल्लाह प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सल्लाहकार समितिको परामर्शमा समितिद्वारा निर्धारित दरमा फरक पर्ने गरी कुनै पनि बिमकले शुल्क दर निर्धारण गरी बिमा व्यवसाय गर्न पाउने छैन ।

## परिच्छेद– ४

## बिमा अभिकर्ता सम्बन्धी व्यवस्था

१९. बीमा अभिकर्ताको इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः ऐनको दफा ३० को उपदफा (१) बमोजिम बिमा अभिकर्ताको रूपमा काम गर्न चाहने नियम २१ मा उल्लिखित योग्यता पुगेका व्यक्तिले सम्बन्धित बिमकको सिफारिशसहित अनुसूची –७ बमोजिमको ढांचामा बिमा अभिकर्ताको इजाजतपत्रको लागि समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२०. बिमा अभिकर्ताको इजाजतपत्र दिनुपर्नेः (१) नियम १९ बमोजिम बिमा अभिकर्ताको इजाजतपत्रको लागि निवेदन प्राप्त भएपछि समितिले नियम २१ बमोजिम निवेदकको योग्यता पुगे नपुगेको जाँचबुझ गरी निजलाई बिमा अभिकर्ताको रूपमा अनुसूची– ८ बमोजिमको दर्ता किताबमा दर्ता गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम निवेदकको नाम दर्ता किताबमा दर्ता गरी सकेपछि समितिले निवेदकसँग बिमा अभिकर्ताको इजाजतपत्र बापत लाग्ने दुई सय रूपैयाँ दस्तूर लिई निजले बीमा अभिकर्ताको हैसियतबाट काम गर्न पाउने बिमा व्यवसाय समेत स्पष्ट रूपमा उल्लेख गरी अनुसूची– ९ बमोजिमको ढाँचामा निजलाई बीमा अभिकर्ताको इजाजतपत्र दिनुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. बिमा अभिकर्ताको लागि योग्यता: नियम १९ बमोजिम बिमा अभिकर्ताको इजाजतपत्रको लागि निवेदन दिन चाहने व्यक्ति देहायको योग्यता पुगेको हुनु पर्नेछः

(क) जीवन बिमा व्यवसायको बिमा अभिकर्ताको लागि कम्तीमा एस. एल. सी. वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने ।

(ख) अन्य बिमा व्यवसायको बिमा अभिकर्ताको लागि साधारण लेखपढ गर्न जान्ने हुनुपर्ने ।

(ग) बिमा व्यवसायको सम्बन्धमा सामान्य ज्ञान भएको हुनुपर्ने ।

२२. बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्था: (१) बिमा अभिकर्ताले आफ्नो इजाजतपत्र नवीकरण गराउनको लागि ऐनको दफा ३१ को उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण दस्तूर बापत दुई सय रूपैयाँ समेत संलग्न राखी अनुसूची– १० बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ । यसरी निवेदन प्राप्त भएमा समितिले त्यस्तो बिमा अभिकर्ताको इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र कुनै बिमा अभिकर्ताले आफ्नो इजाजतपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाइ समितिको कार्यालयमा निवेदन दिएमा र सो कारण मुनासिब देखिएमा समितिले नवीकरणको म्याद नाघेको पहिलो दुई महिनासम्मको लागि एक सय रूपैयां र त्यसपछिको चार महिनासम्मको लागि प्रति दिन पाँच रूपैयाँ थप दस्तूर लिई त्यस्तो बिमा अभिकर्ताको इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

२३. बिमा अभिकर्ताले पाउने कमिशन रकमः (१) कुनै पनि बिमा अभिकर्तालाई बिमितले बुझाउने शुल्क रकममा देहायमा लेखिए भन्दा बढी हुने गरी कमिशन रकम दिइने छैनः–

(क) जीवन बिमाको सम्बन्धमा अनुसूची– ११ मा उल्लेख भए बमोजिमको कमिशन रकम ।

(ख) निर्जीवन बीमाको सम्बन्धमा समितिले तोकिदिएबमोजिमको कमिशन रकम ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) मा उल्लेखित कमिशन रकमको अतिरिक्त बिमकले बिमा अभिकर्तालाई इन्सेन्टिभ बोनस समेत दिन सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. काम गरेको अवधिको कमिशन पाउनेः बिमा अभिकर्ताको इजाजतपत्र नवीकरण नगराएको कारणबाट ऐनको दफा ३३ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधिअघि बिमा व्यवसाय सम्बन्धी कुनै काम गरेको रहेछ भने बिमकले निजलाई नियम २३ बमोजिम पाउने कमिशन बापतको रकम दिनु पर्नेछ ।

२५. हकवालाले कमिशन रकम पाउनेः यस नियमावली बमोजिम बिमा अभिकर्ताले पाउने कमिशन रकम लिन नपाउँदै निजको मृत्यु हुन गएमा निजले पाउने कमिशन रकम निजको हकवालाले पाउनेछ ।

## परिच्छेद–५
## सर्भेयर सम्बन्धी व्यवस्था

२६. सर्भेयरको इजाजतपत्रको लागि निवेदन दिनुपर्नेः ऐनको दफा ३० को उपदफा (१)बमोजिम सर्भेयरको रूपमा काम गर्न चाहने नियम २८ मा उल्लिखित योग्यता पुगेको व्यक्तिले सम्बन्धित बिमकको सिफारिशसहित अनुसूची १२ बमोजिमको ढाँचामा इजाजतपत्रको लागि समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२७. सर्भेयरको इजाजतपत्र दिनुपर्ने : (१) नियम २६ बमोजिम सर्भेयरको इजाजतपत्रको लागि निवेदन प्राप्त भएपछि समितिले नियम २५ बमोजिम निवेदकको योग्यता पुगे नपुगेको जाँचबुझ गरी निजलाई सर्भेयरको इजाजतपत्र दिन उपयुक्त देखेमा निजको नाम सर्भेयरको रूपमा अनुसूची–१३ बमोजिमको दर्ता किताबमा दर्ता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदकको नाम दर्ता किताबमा दर्ता गरी सकेपछि समितिले निवेदकसँग इजाजतपत्र बापत दुई हजार पाँचसय रूपैयाँ दस्तूर लिई त्यस्तो निवेदकलाई अनुसूची–१४ बमोजिमको ढाँचामा सर्भेयरको इजाजतपत्र दिनुपर्ने छ ।

२८. सर्भेयरको लागि योग्यता : नियम २६ बमोजिम सर्भेयरको इजाजतपत्रको लागि निवेदन दिन चाहने व्यक्ति देहायका योग्यता पुगेको हुनुपर्ने छ ।

(क) कम्तीमा दश वर्षसम्म बिमा व्यवसायसँग सम्बन्धित कार्यमा अनुभव हासिल गरेको,

(ख) इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरेको,



१९६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ओभरसियरको रूपमा कम्तीमा पाँच वर्षसम्म काम गरेको,

(घ) मान्यता प्राप्त शिक्षण संस्थाबाट बिमा व्यवसाय सम्बन्धी विषयमा स्नातक उपाधि हासिल गरेको, वा

(ङ) चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तिर्ण गरेको,

२९. सर्भेयरको इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्थाः (१) सर्भेयरले आफ्नो इजाजतपत्र नवीकरण गराउनको लागि ऐनको दफा ३१ को उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण दस्तूर बापत दुई हजार पाँचसय रूपैयाँ समेत संलग्न राखी अनुसूची– १५ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ यसरी निवेदन प्राप्त भएमा समितिले त्यस्तो सर्भेयरको इजाजतपत्र नवीकरण गरी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र कुनै सर्भेयरले आफ्नो इजाजतपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई समितिको कार्यालयमा निवेदन दिएमा सो कारण मुनासिब देखिएमा समितिले नवीकरणको म्याद नाघेको पहिलो दुई महिनासम्मको लागि पाँच सय रूपैयाँ र त्यस पछिको चार महिनासम्मको लागि प्रति दिन पचास रूपैयाँ थप दस्तूर लिई त्यस्तो इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

३०. सर्भेयरको इजाजतपत्र खारेज भएमा : कुनै सर्भेयरको इजाजतपत्र ऐनको दफा ३३ बमोजिम खारेज भएमा त्यसरी खारेज भएको मितिले पाँच वर्षसम्मको अवधिको लागि निजलाई सर्भेयरको रूपमा काम गर्नको लागि अर्को सर्भेयरको इजाजतपत्र दिइने छैन ।

## परिच्छेद–६

## बिमा दाबी भुक्तानी सम्बन्धी व्यवस्था

३१. जीवन बिमाको दाबी भुक्तानी प्रकृया : (१) बिमकले जीवन बिमाको शुल्कको अन्तिम किस्ता भुक्तान गरि सकेका बिमितको नाममा किस्ता भुक्तान गरेको मितिले पन्ध्र दिनभित्र त्यस्तो जीवन बिमाको दाबी भुक्तानी गर्नको लागि चाहिने बिमा लेख आदि कागजातहरू समेत संलग्न राखी दाबी भुक्तानी गर्न आउनको निमित्त भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम बिमितले जीवन बिमाको दाबी भुक्तानीको निमित्त बिमा लेख तथा अन्य कागजातहरू र भुक्तानी पूर्जी समेत बिमकसमक्ष

१२००



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेश गरेमा बिमकले आवश्यक जाँचबुझ गरी जीवन बिमा लेखको अवधि भुक्तान भएको सात दिनभित्र निजलाई जीवन बिमाको दाबी भुक्तानी दिनुपर्ने छ ।

(३) कुनै जीवन बिमा लेखको अवधि समाप्त हुनु अगावै सो बिमा लेख लिने बिमितको मृत्यु भएमा निजले इच्छाएको व्यक्ति भए निजले र कसैलाई इच्छाएको नभए ऐनको दफा ३८ को उपदफा (१) मा उल्लिखित व्यक्तिहरूमध्ये सबै भन्दा नजिकको हकवालाले त्यस्तो जीवन बिमाको रकम लिनको लागि देहायका विवरण-हरू खुलाई दाबी भुक्तानीको निवेदन बिमकसमक्ष पेश गर्नुपर्ने छ ।

(क) दाबी सम्बन्धी विवरण ।

(ख) बिमितको मृत्यु प्रमाणपत्र ।

(ग) दुर्घटनाबाट बिमितको मृत्यु भएको र त्यस्तो जोखिम जीवन बिमामा समावेश भएको भए बिमितको मृत्युको कारण सम्बन्धमा सरकारी चिकित्सकद्वारा गरिएको शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन ।

(घ) बिमितसँगको नाता प्रमाणपत्र ।

(ङ) उमेर प्रमाणित नभएको अवस्थामा उमेर प्रमाणित गर्ने कागजातहरू ।

(च) समितिद्वारा तोकिदिएका अन्य विवरणहरू ।

(४) उपनियम (३) बमोजिमको निवेदन प्राप्त भएपछि बिमकले जीवन बिमा दाबीको सम्बन्धमा पेश भएका कागजात समेतका विवरणहरू छानबीन गरी आवश्यक भए अन्य कुराहरू समेत बुझी आफूसमक्ष त्यस्ता कागजातहरू प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दायित्व निर्धारण गरी दाबी भुक्तानी लिन आउनको निमित्त निवेदकको नाममा भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गर्नु पर्नेछ । यसरी जारी गरेको भुक्तानी पूर्जी निवेदकबाट प्राप्त भएको मितिले पन्ध्र दिनभित्र बिमकले बिमाको दाबी भुक्तानी गर्नुपर्ने छ ।

(५) उपनियम (४) बमोजिम बिमकले विवरणहरू छानवीन गर्दा दायित्व निर्धारण गरी बिमा दाबी भुक्तानी गर्नु नपर्ने देखेमा सो को कारण खोली त्यसको लिखित जानकारी निवेदकलाई दिनुपर्ने छ ।

३२. निर्जीवन बिमाको दाबी भुक्तानी प्रक्रिया : (१) निर्जीवन बिमा गर्ने बिमितले बिमा लेख बमोजिमको दाबी गर्नुपर्ने भएमा तत्सम्बन्धी सम्पूर्ण विवरणहरू खुलाई बिमकसमक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम निर्जीवन बिमाको दाबी भुक्तानीको निमित्त बिमितको निवेदन प्राप्त भएमा बिमकले आवश्यक जाँचबुझ गर्न आवश्यक परेमा तुरुन्त सर्भेयर खटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम खटिएको सर्भेयरले आवश्यक जाँचबुझ गरी पन्ध्र दिनभित्र बिमकको दायित्वको निर्धारण गरी त्यसको विस्तृत विवरण समेत-को प्रतिवेदन बिमकसमक्ष पेश गर्नुपर्ने छ र त्यसबारे बिमा लेखको शर्त तथा सुविधाको अधीनमा रही बिमितले पाउन सक्ने रकम उल्लेख गरी बिमितलाई जानकारी दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सर्भेयरले बिमकसमक्ष प्रतिवेदन पेश गरेको साधारणतया पैंतीस दिनभित्र बिमकले दायित्व ठहर गरी बिमितलाई निर्जीवन बिमाको दाबी भुक्तानी गर्नुपर्ने छ ।

३३. उजुरी गर्न सक्ने : (१) नियम ३१ र ३२ बमोजिम बिमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बिमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बिमितले त्यसको कारण समेत खोली समितिमा उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको उजुरी उपर समितिले जाँचबुझ गर्दा बिमकले दायित्व निर्धारण गर्नुपर्नेमा दायित्व निर्धारण नगरेको देखिएमा समितिले बिमकलाई दायित्व निर्धारण गर्न वा पुनः दायित्व निर्धारण गर्न आदेश दिन सक्नेछ ।

(३) यस नियमबमोजिम बिमक उपर समितिमा उजुरी परेमा समितिले बिमकलाई आफू उपर लागेको आरोपको सफाइ पेश गर्ने मनासिव समयसहितको मौका दिनुपर्ने छ ।

## परिच्छेद–७
## विविध

३४. सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार : सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) बिमा दर कायम गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।

(ख) बिमा दरमा एकरूपता कायम गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्न विभिन्न सेमिनार, गोष्ठी तथा सम्मेलन संचालन गर्ने ।

(ग) कायम गरिएको बिमा दर लागू भए नभएको सम्बन्धमा रेखदेख सुपरी-वेक्षण, मूल्याङ्कन गर्ने र आवश्यकतानुसार समितिसमक्ष उपयुक्त सुझाव पेश गर्ने ।

(घ) बिमा व्यवसायको स्वच्छ संचालन एवं विकासको निमित्त समितिलाई आवश्यक सुझाव दिने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. बिमांकीको योग्यता: समितिबाट मान्यता प्राप्त इन्स्टिच्यूट अफ एक्च्यूयरीबाट फेलोसिप उपाधि हासिल गरेको व्यक्तिले यस नियमावली बमोजिम बिमांकीको काम गर्न सक्नेछ ।

३६. बिमांकीले पेश गरेको जीवन बिमा व्यवसायको मूल्यांकन बमोजिम गर्न स्वीकृति लिनु पर्ने : बिमांकीले नेपाल अधिराज्यभित्र जीवन बिमा व्यवसायको मूल्यांकन गरेको प्रतिवेदन समितिमा पेश गरी मूल्यांकन अनुसारको व्यवस्था गर्न समितिको स्वीकृति लिनु पर्नेछ ।

३७. प्रतिलिपि दिने : (१) यस नियमावली बमोजिम दिइएको प्रमाणपत्र वा बिमा अभिकर्ता वा सर्भेयरको इजाजतपत्र हराएमा, च्यातिएमा, कुनै कारणले नासिएमा वा नवीकरण गर्ने ठाउँ नभई अर्को लिनुपर्ने भएमा सो कुरा खुलाई सम्बन्धित बिमक वा बिमा अभिकर्ता वा सर्भेयरले त्यस्तो प्रमाणपत्र वा इजाजतपत्रको प्रतिलिपिको लागि लाग्ने दस्तूर एक सय रूपैयाँ संलग्न राखी अनुसूची- १६ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिलिपिको लागि निवेदन प्राप्त भएमा समितिले सम्बन्धित निवेदकलाई त्यस्तो प्रमाणपत्र वा इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

३८. निरीक्षण तथा निर्देशन : (१) समितिले बिमकले गर्ने बिमा व्यवसायका सम्बन्धमा निरीक्षण गरी समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ । यसरी समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित बिमकको कर्तव्य हुनेछ ।

(२) समितिबाट निरीक्षणको सिलसिलामा खटिएका अधिकृतले मागेको विवरण, हिसाब किताब लगायतका अन्य कागजातहरू हेर्न, जाँच्न दिने बिमक तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३९. अनुसूचीमा हेरफेर गर्न सक्ने : श्री ५ को सरकारले समितिको सल्लाह लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४०. खारेजी : बिमा नियमहरू, २०२६ खारेज गरिएको छ ।

१२०३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

## बिमकको दर्ताको लागि निवेदन

श्री अध्यक्ष
बिमा समिति ।

फोटो

बिमा ऐन, २०४९ को दफा १० को उपदफा (२) तथा बिमा नियमावली, २०४९ को नियम ७ को उपनियम (१) बमोजिम बिमकको रूपमा नाम दर्ता गरी प्रमाणपत्र पाउनको निमित्त लाग्ने रू. पचास हजार दस्तूर सहित देहायका विवरणहरू खुलाई निवेदन गरेको छु ।

१. संस्थाको नाम र ठेगानाः–

२. प्रधान कार्यालयको ठेगानाः–
  (क) अञ्चलः–  (ख) जिल्लाः–
  (ग) नगर।गाउँः–  (घ) टेलिफोनः–

३. नेपाल अधिराज्य भित्रका प्रधान तथा शाखा कार्यालयहरूको नाम र पूरा ठेगानाः–

४. प्रमुख व्यवस्थापकको नाम र ठेगानाः–

५. लेखा परीक्षकको नाम र ठेगानाः–

६. कर्मचारीहरूको संख्याः–
  (क) नेपाली नागरिकः–
  (ख) गैर नेपाली नागरिकः–

७. बिमा अभिकर्ताको संख्याः–
  (क) नेपाली नागरिकः–
  (ख) गैर नेपाली नागरिकः–

८. संगठित संस्था दर्ता गराएको प्रमाणपत्रको प्रतिलिपिः–

९. अन्य विवरणहरूः–

निवेदकको,
सहीः–
नामः–
ठेगानाः–
मितिः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२
(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

### बिमकको दर्ता किताब

आ. ब.:–

| दर्ता नं. | बिमकको नाम, थर र पूरा ठेगाना | बिमकले गर्ने बिमा व्यवसाय | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

९२०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची–३
### (नियम ८ को उपनियम (२) सँग सम्बन्धित)
### बिमकको प्रमाणपत्र

श्री. . . . . . .

. . . . . . . . .

तपाईलाई बिमा ऐन, २०४९ को दफा १० को उपदफा (३) तथा बिमा नियमावली, २०४९ को नियम ८ को उपनियम (१) बमोजिम बिमकको रूपमा दर्ता गरी देहायमा उल्लेख भए बमोजिम बिमा व्यवसाय गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ ।

१. बिमा व्यवसायको किसिमः–

२. बिमा व्यवसाय गर्न पाउने क्षेत्रः–

३. अन्य कुराहरूः–

(क)

(ख)

प्रमाणपत्र दिनेको

सहीः–

नामः–

दर्जाः–

मितिः–

कार्यालयको छापः–

### नवीकरण सम्बन्धी विवरण

| नवीकरणको अवधि | नवीकरण गर्नेको हस्ताक्षर र मिति | कैफियत |
|---|---|---|
| | | |

१२०६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची–४

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

## बिमकको दर्ताको नवीकरणको लागि निवेदन

श्री अध्यक्ष,
बिमा समिति ।

मैले त्यस समितिबाट मिति. . . . . . . मा लिएको बिमकको प्रमाणपत्रको अवधि मिति. . . . . . . . . मा समाप्त हुने भएकोले बिमा नियमावली, २०४६ को नियम ६ को उपनियम (१) बमोजिम लाग्ने दस्तूर संलग्न राखी प्रमाणपत्र नवीकरणको लागि अनुरोध गर्दछु ।

निवेदकको,
सहीः–
नामः–
ठेगानाः–
मितिः–

मुद्रण विभाग

१२०६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिमकको नामः–
शाखाः–

अनुसूची–५ खण्ड "क"
(बिमा नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

१. संगठित संस्था भएको मितिः–
२. नियम बमोजिम दर्ता भएको मितिः–
३. नेपालभित्र बिमा व्यवसाय शुरू गरेको मितिः–
४. नेपालभित्र खुलेका शाखा कार्यालयको विवरणः–
५. पछिल्लो वार्षिक विवरण पश्चात संगठित संस्थाको मुख्य कुराहरूमा कुनै संशोधन भएको छ, छैन ? छ भने उल्लेख गर्नेः–
६. कर्मचारीको संख्याः–
   (क) नागरिक,
   (ख) अनागरिक,
७. गत वर्ष पुनर्बिमकसँग पुनर्बिमा सम्बन्धित भएका संझौता वा कुनै परिवर्तन भएको छ, छैन ? यदि छ भने सो संशोधन (एडेन्डम) पेश गर्नेः–

१२०८



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–५ खण्ड "ख"

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

**नेपाल भित्र भएको दाबी तथा तत्सम्बन्धी अन्य खर्चहरूको विवरण**

बिमाको किसिमः–

| १ | २ पाँच आ.व. अघि र सो भन्दा अधिको वर्षको | ३ चार आ.व अघि | ४ चार आ.व. अघि २+३ को | ५ तीन आ.व. अघि | ६ तीन आ व. अघि र ४+५ को | ७ दुई आ. व. अघि | ८ दुई आ.व. अघि र ६+७ को | ९ एक आ.व. अघि | १० एक आ.व अघि र ८+९ को |
|---|---|---|---|---|---|---|---|---|---|
| १. पाँच आ.व. अघिसम्मको भुक्तानी गर्न बाँकी दाबी<br>२. चार आ.व. को अवधिमा भुक्तानी भएको दाबी<br>३. चार आ.व. अघिसम्मको भुक्तानी गर्न बाँकी दाबी<br>४. दाबीको लागि व्यवस्था गरिएकोमा देखिन आएको भिन्नता<br>५. फरक प्रतिशत | | | | | | | | | |
| ६. तीन आ.व. अघिको अवधिमा तिरेको दाबी<br>७. तीन आ.व. अघिसम्म नतिरेको दाबी<br>८. बढी वा घटी<br>९. अनुपात | | | | | | | | | |
| १०. दुई आ.व. अघिको अवधिमा तिरेको दाबी<br>११. दुई आ.व. अघिसम्म नतिरेको दाबी<br>१२. बढी वा घटी<br>१३. अनुपात | | | | | | | | | |
| १४. एक आ.व. अघिको अवधिमा तिरेको दाबी<br>१५. एक आ.व. अघिसम्म नतिरेको दाबी<br>१६. घटी वा बढी<br>१७. अनुपात | | | | | | | | | |
| १८. चालू आ.व. को अवधिमा तिरेको<br>१९. चालू आ व. सम्म नतिरेको दाबी<br>२०. बढी वा घटी<br>२१. अनुपात | | | | | | | | | |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५ खण्ड "ग"

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

अघिल्लो आ. व. को अन्त्य सम्ममा तिर्न बाँकी रहेको दाबीहरूको लागि छुट्याइएको व्यवस्थाको

विवरण

| बिमाको किसिम | तिर्न बाँकी रहेको दाबीको लागि गरिएको खुद व्यवस्थाको जम्मा | | | | व्यहोरिएको तर जानकारीमा नआएका पक्षको लागि छुट्याइएको खुद व्यवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. जीवन, अग्नी, सामुद्रिक, मोटर, हवाई तथा ठेकेदार जोखिम बिमा तथा इन्जिनियरिङ बिमा<br>२. विविध बिमा अन्तर्गत (छुट्टा छुट्टै) खुलाउने | अघिल्लो आ.ब. को अन्त्यसम्मको खुद व्यवस्था | अघिल्लो आ. व. हरूको दाबी वापत यस आ. व. भरिमा तिरेको खुद रकम | अघिल्लो आ. व. हरूको दाबीको लागि यस आ. व. को अन्त्यमा छुट्टाइएको खुद व्यवस्था | घटी वा बढी (१–२–३) | अघिल्लो आ. व. को अन्त्यसम्मको | अघिल्लो आ व. निम्ति यस आ. व. भरिमा तिरेको खुद रकम | अघिल्लो आ. व. हरूको निम्ति छुट्टयाइएको खुद व्यवस्था | घटी वा (५–६– |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १. जीवन<br>(क) व्यक्तिगत<br>(ख) व्यवसायिक<br>(ग) जम्मा | | | | | | | | |
| २. अग्नी<br>(क) व्यक्तिगत<br>(ख) व्यवसायिक<br>(ग) जम्मा | | | | | | | | |
| ३. सामुद्रिक<br>(क) व्यक्तिगत<br>(ख) व्यवसायिक<br>(ग) जम्मा | | | | | | | | |
| ४. हवाई | | | | | | | | |
| ५. मोटर कार–तेश्रो पक्ष<br>(क) मोटर कार तथा यात्रु व्यक्तिगत दुर्घटना<br>(ख) अन्य खुलाउने | | | | | | | | |
| ६. ठेकेदार जोखिम तथा इन्जिनियरिङ | | | | | | | | |
| ७. विविध (छुट्टा छुट्टै खुलाउने) | | | | | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १२९० मुद्रण विभाग सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

अनुसूची–५ खण्ड "ङ"

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

दाबीको विवरण (विदेशमा गरिएको पुर्नबिमा)

बिमकको नामः–

| व्यवसायको प्रकार | पुर्नबिमा दिए (सिडेड) बापत भुक्तानी गरिएको पुर्नबिमा शुल्क | | | | | पुर्नबिमाबाट व्यहोरिएको दाबी रकम | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कोटा शेयर | सर्लस | एक्सेस अफ लस | फेकल्टेटिभ | जम्मा | कोटा शेयर | सर्लस | एक्सेस अफ लस | फेकल्टेटिभ | जम्मा |
| १. अग्नि | | | | | | | | | | |
| २. सामुद्रिक | | | | | | | | | | |
| ३. मोटर | | | | | | | | | | |
| ४. हवाई | | | | | | | | | | |
| ५. ठेकेदार जोखिम तथा इन्जिनियरिङ्ग | | | | | | | | | | |
| ६. विविध विषय खुलाइ | | | | | | | | | | |
| (क) | | | | | | | | | | |
| (ख) | | | | | | | | | | |
| (ग) | | | | | | | | | | |
| जम्माः– | | | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1211

अनुसूची–५ खण्ड "च"

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित

२. दावीको विवरण (स्वदेशमा गरिएको पुर्नबिमा)

बिमकको नाम:–

| व्यवसायको प्रकार | पुर्नबिमा दिए (सिडेड) वापत भुक्तानी गरिएको पुर्नबिमा शुल्क | | | | | पुर्नबिमकबाट व्यहोरिएको दावी रकम | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कोटा शेयर | सर्लप्स | एक्सेस अफ लस | फेकल्टेटिभ | जम्मा | कोटा शेयर | सर्लप्स | एक्सेस अफ लस | फेकल्टेटिभ | जम्मा |
| १. अग्नी | | | | | | | | | | |
| २. सामुद्रिक | | | | | | | | | | |
| ३. मोटर | | | | | | | | | | |
| ४. हवाई | | | | | | | | | | |
| ५. ठेकेदार जोखिम तथा इन्जिनियरिङ | | | | | | | | | | |
| ६. विविध-विषय खुलाइ | | | | | | | | | | |
| (क) | | | | | | | | | | |
| (ख) | | | | | | | | | | |
| (ग) | | | | | | | | | | |
| जम्मा– | | | | | | | | | | |



१२६२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची– ५ खण्ड "छ"

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

बिमकको नाम :–

१. नेपालमा दर्ता भएका

बिमकहरूलाई दिएको

पुनर्बिमा

| पुनर्बिमकको नाम | भुक्तानी बिमा शुल्क | प्राप्त कमिशन | दावी रिकभरी |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

मुद्रण विभाग, सिंहदरबार

१२१३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ५ खण्ड "ज"
(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

बिमकको नामः–

२. विदेशी पुर्नबिमकलाई दिएको पुर्नबिमा

| पुर्नबिमकको नाम | भुक्तानी बिमा शुल्क | प्राप्त कमिशन | दाबी रिकभरी |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

१२९८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ५ खण्ड "ञ"

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

बिमकको नामः–

३. नेपाल अधिराज्यमा दर्ता भएका

बिमकहरूबाट प्राप्त पुनर्बिमा

| पुनर्बिमकको नाम | पुनर्बिमा लिए बापत बिमा शुल्क आम्दानी | भुक्तानी दिएको कमिशन | भुक्तानी दिएको दाबी |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

९२९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची – ५ खण्ड "ञ"
(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

बिमकको नाम :–

४. विदेशी बिमकहरूबाट प्राप्त पुनर्बिमा

| पुनर्बिमकको नाम | भुक्तानी बिमा शुल्क | प्राप्त कमिशन | दाबी रिकभरी |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

१२९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची – ५ खण्ड "ट"
नियम १४ को उपनियम (१) सँग सम्बन्धित

साल... .. ...को वासलात

| | जीवन बिमा | निर्जीवन बिमा | जम्मा | | जीवन बि |
|---|---|---|---|---|---|
| शेयर पूँजी | | | | स्थिर सम्पति | |
| अधिकृत पूँजी | | | | लगानी र कर्जा | |
| रू... ... ... दरको... ...शेयरहरू | | | | लगानी: | |
| जारी पूँजी | | | | श्री ५ को सरकारको धितोपत्र | |
| रू... ... ... दरको... ...शेयरहरू | | | | बैंक मुद्दती खाता | |
| चुक्ता पूँजी | | | | शेयर (सरकारी तथा गैर सरकारी | |
| रू... ... ... दरको... ...शेयरहरू | | | | बेग्लै खुलाउने) | |
| शेयर प्रिमियम हिसाब | | | | ऋण पत्र | |
| (विवरण खुलाउने) | | | | रियल स्टेट | |
| बिमा कोष | | | | अन्य विवरण खुलाउने | |
| जीवन बिमा | | | | कर्जा | |
| अग्नी बिमा | | | | (विवरण खुलाउने) | |
| सामुद्रिक बिमा | | | | चालू सम्पति | |
| हवाई बिमा | | | | बैंक तथा नगद मौज्दात | |
| मोटर बिमा | | | | अल्पकालिन लगानी | |
| ठेकेदार जोखिम तथा इन्जिनियरिङ विविध बिमा | | | | किस्ता, प्रिमियम | |
| दीर्घकालीन ऋण (सुरक्षित तथा असुरक्षित बेग्लै खुलाउने) | | | | अभिकर्ताबाट प्राप्त हुन बाँकी प्रिमियम | |
| चालू दायित्व तथा व्यवस्था | | | | अन्य बिमकबाट प्राप्त हुन बाँकी | |
| चालू दायित्व | | | | अन्य | |
| सूचित गरिएका तथा बाँकी हुन आएका दाबी वापत अनुमानित दायित्व | | | | पेश्की: | |
| एन्वीटी बापत दिन बाँकी | | | | कर्मचारी पेश्की | |
| पुनर्बिमकलाई दिन बाँकी | | | | अन्य पेश्की | |
| पुनर्बिमा प्रिमियम रिजर्भ | | | | अग्रीम भुक्तानी | |
| अभिकर्ता कमिशन | | | | विविध | |
| अल्पकालीन ऋण | | | | नाफा नोक्सान | |
| अन्य (विवरण खुलाउने) व्यवस्था | | | | अन्य | |
| आयकर व्यवस्था | | | | | |
| लाभांश व्यवस्था | | | | | |

मुद्रण विभाग, सिंहदरबार

9296



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।